प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
बागमती प्रदेश
हेटौंडा, मकवानपुर, नेपाल

# नोभल कोरोना भाइरस (COVID-19) सम्बन्धि दैनिक प्रतिवेदन

मितिः २०७७/०५/१०
(बेलुका ५:०० बजे)

## ❖ मुख्यमुख्य क्रियाकलापहरु

- यस प्रदेशमा आज काठमाण्डौमा २३०, मकवानपुरमा ५९, ललितपुरमा ४७, चितवनमा ४२, भक्तपुरमा २६, काभ्रेपलान्चोकमा २१, रसुवामा २, धादिङमा २, दोलखामा २, सिन्धुपाल्चोकमा १, रामेछापमा १ र सिन्धुलीमा १ गरी जम्मा ४३४ जनामा नयाँ संक्रमण थपिएको छ । सम्बन्धित जिल्लाको स्वास्थ्य कार्यालय, स्थानीय महानगरपालिका, नगरपालिका, गाउँपालिका, स्थानीय स्वास्थ्य संस्था एवम् अस्पतालहरु मार्फत सम्पर्कमा आएका व्यक्तिको खोजी (Contact tracing), सम्पर्कितहरुको फलो-अप र अन्य आवश्यक व्यवस्थापन (काठमाण्डौ, भक्तपुर र ललितपुर हकमा इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखा समेतको समन्वयमा) कार्य भईरहेको छ।
- बुढानिलकण्ठ-३ निवासी ५१ वर्षिया पुरुषको मिति २०७७ साल भाद्र ९ गते पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान, ललितपुरमा निधन भएको छ । नेपाल मेडिसिटी अस्पतालमा उपचाररत निज श्रावण २२ गते प्रेषण भई पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानमा भर्ना भई उपचार हुने क्रममा सोहि दिन कोरोना पुष्टि भएको थियो (निज मधुमेह तथा उच्च रक्तचापका विरामी हुनुहुन्थ्यो) | त्यस्तै भक्तपुर जिल्ला निवासी ५३ वर्षिया महिलाको मिति २०७७ भाद्र ९ गते धुलिखेल अस्पताल, काभ्रेमा निधन भएको छ । ज्वरो आई भाद्र ४ गते भर्ना भई उपचाररत निजको भाद्र ५ गते कोरोना पुष्टी भएको हो (निज उच्च रक्तचाप तथा हाइपोथाइरोडिजमबाट समेत बिरामी हुनुहुन्थ्यो) । उहाँहरुको निधनमा सामाजिक विकास मन्त्रालय हार्दिक समवेदना प्रकट गर्न चाहन्छ ।

## ❖ बागमती प्रदेशमा संक्रमितहरुको विवरण

- हालसम्मको तथ्यांकमा यस प्रदेशमा देशको कुल संक्रमणको १६ प्रतिशत (१६.१८%) रहेको छ भने मृत्युको अनुपात यस प्रदेशमा तुलनात्मक रुपमा बढी रहेको छ र मृत्यु हुनेमा अन्य जिर्ण रोगहरुको सहरुग्णता देखिएको छ। माथिको तथ्यले हालको महामारीमा जेष्ठ नागरिक तथा अन्य जिर्ण रोगको सहरुग्णता भएको व्यक्तिहरुले कोभिड-१९ बाट बच्नको लागि विशेष सावधानी अपनाउनुपर्ने देखिएको छ ।
- यस प्रदेशमा पछिल्ला दिनमा संक्रमितको संख्या तीव्र रुपमा बढेको हुनाले हाल उपचाररत बिरामीको संख्या निको भएका भन्दा तुलनात्मक रुपमा बढी देखिएको हो ।

| विवरण | नेपाल | बागमती प्रदेश |
|---|---|---|
| संक्रमण देखिएको (PCR) | ३४४१८ (१००%) | ५५७२ (१००%) |
| निको भएको | १९५०४ (५६.७%) | ९१९ (१६.५)* |
| उपचाररत | १४७३९ (४२.८%) | ४६१६ (८२.८%)* |
| मृत्यु भएको | १७५ (०.५%) | ३७ (०.७%)* |

श्रोत : सामाजिक विकास मन्त्रालय, बागमती प्रदेश; स्वास्थ्य तथा जनसंख्या मन्त्रालय मिडिया ब्रिफिङ २०७७/०५/१०

* कुल संक्रमितको संख्यालाई आधार मानेर निको भएका, उपचाररत र मृत्यु भएकाको % निकालिएको

## ❖ जिल्लागत क्वारेन्टाइन, आइसोलेसन, आर.डी.टि.(RDT), पी.सि.आर.(PCR) परिक्षण सम्बन्धी विवरण

- हाल सम्म बागमती प्रदेशमा ९९०४ वटा क्वारेन्टाईन बेड ब्यवस्थापन गरेकोमा अहिले ६९१ जना बस्दै आउनुभएको र १०६७ जना अहिले होम क्वारेन्टाईनमा बस्दै आउनुभएको छ। यस प्रदेशमा २७३९ वटा आइसोलेशन बेड तयारी अवस्थामा रहेको छ जसमा अहिले २०८५ जना बस्दै आउनुभएको छ। आजको मिती सम्मको विवरण अनुसार ३७३९६ जनाको आर डी टी परिक्षण गरिएकोमा ९०८ जनाको पोजिटिभ आएको छ र ५६६७५ जनाको पि सि आर परिक्षण गरिएको छ।

| जिल्ला | क्वारेन्टाईन | | होम क्वारेन्टाइन मा रहेका | आइसोलेसन | | RDT किटबाट गरिएको परिक्षण | | | (RT-PCR) परिक्षण सम्बन्धी विवरण | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | बेड | बसेका | | बेड | बसेका | जम्मा | नेगेटिभ | पोजेटिभ | जम्मा संकलित स्वाब संख्या | आजको नयाँ संक्रमण | जम्मा पोजेटिभ |
| काठमाण्डौ | १०५० | १९९ | ३४० | ११९२ | १४६८ | १०८६० | १०५२८ | ३३२ | २३१५५ | २३० | ३१८७ |
| ललितपुर | ३७१ | ३१ | ८० | २२१ | १७८ | ४६३० | ४५७५ | ५५ | २५४५ | ४७ | ५०९ |
| भक्तपुर | ३१३ | १३ | १६५ | ३२१ | ५७ | २३९६ | २३७६ | २० | ४८२२ | २६ | ३२५ |
| रसुवा | २८८ | १० | १५ | ३५ | ४ | ६९८ | ६८६ | १२ | ६३५ | २ | १७ |
| नुवाकोट | ११७७ | ० | ३ | ४० | १० | ३२९२ | ३१०२ | १९० | २८४९ | | ७८ |
| धादिङ | ३१५ | २४ | २१ | ६२ | १० | ३१३५ | २९९० | १४५ | २१४२ | २ | १८५ |
| चितवन | २४६५ | २०२ | १४४ | ३५५ | ८५ | १८३८ | १८२३ | १५ | ६७३७ | ४२ | ४५२ |
| सिन्धुली | ३९२ | ३५ | १५ | ४३ | २७ | १२३० | ११९६ | ३४ | २१८३ | १ | ६५ |
| मकवानपुर | ४०७ | २७ | १०३ | १७७ | १०३ | १९३९ | १९१९ | २० | ४८१० | ५९ | ४०४* |
| रामेछाप | ५०० | ६५ | ० | १०४ | ९ | ८९२ | ८८४ | ८ | ४९९ | १ | ६० |
| दोलखा | ९८६ | ४५ | २ | २७ | १८ | १७४६ | १७३२ | १४ | १४२४ | २ | ४६ |
| काभ्रेपलान्चोक | ८५१ | २७ | ९५ | १०६ | १०७ | ३२८२ | ३२३२ | ५० | १९८२ | २१ | १४७ |
| सिन्धुपाल्चोक | ७८९ | १३ | ८४ | ५६ | ९ | १४५८ | १४४५ | १३ | २८९२ | १ | ९७ |
| जम्मा | ९९०४ | ६९१ | १०६७ | २७३९ | २०८५ | ३७३९६ | ३६४८८ | ९०८ | ५६६७५ | ४३४ | ५५७२ |

श्रोत: पोजिटिभ केसको विवरण स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मिडिया ब्रिफिंगबाट दैनिक प्राप्त जानकारी अनुसार र अन्य विवरण सम्बन्धित् जिल्लाबाट प्राप्त आजको अन्तिम अभिलेख अनुसार; *मकवानपुर जिल्लामा हिजो संक्रमितको पुरा संख्या नजोडिएकोमा आज मिलाइएको


## ❖ प्रदेश प्रयोगशालामा भएको पि. सि. आर. परीक्षणको विवरण

प्रदेश प्रयोगशालामा भएको पी. सी. आर परिक्षणको विवरण यस प्रकारको रहेको छ:

| प्रयोगशाला | हालसम्म प्राप्त स्वाबको संख्या | आज प्राप्त स्वाब संख्या | आज परिक्षण भएको स्वाबको संख्या | आज परिक्षण भएको स्वाबको नतिजा | | कै |
|---|---|---|---|---|---|---|
| | | | | पोजिटिभ | नेगेटिभ | |
| VBDRTC स्थित प्रदेश प्रयोगशाला | १९४१४ | २२७ | २८८ | २३ जना : मकवानपुर-१५, रौतहट-२, बारा-२, सिन्धुली-१, फलोअप-३ | २६५ | |
| धुलिखेल स्थित प्रदेश प्रयोगशाला | ८५३ | ० | ५०७ | ५५ जना: मकवानपुर-४३, भक्तपुर-२, रौतहट-१, धनुषा-१, फलोअप-८ | ४५२ | |

❖ बागमती प्रदेशमा कोभिड-१९ संक्रमितहरुको लिंगअनुसारको विवरण यस प्रकार रहेको छः


यस प्रदेशमा पुरुषहरुमा महिलाको तुलनामा बढि संक्रमण देखिएको छ।




स्रोतः EWARS, इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखा, २०७७/०५/१०

❖ बागमती प्रदेशमा कोभिड-१९ संक्रमितहरुको उमेर समुह अनुसारको विवरण यस प्रकार रहेको छः

यस प्रदेशमा संक्रमितहरु अधिकांश पुरुष त्यस्तै २१ देखि ५० वर्षका महिला तथा पुरुषहरु रहेका छन्।




स्रोतः EWARS, इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखा, २०७७/०५/१०

❖ कोभिड-१९ सम्बन्धि थप जानकारी र मार्गदर्शनको लागि निम्न उल्लेखित वेबपेज हेर्न हार्दिक अनुरोध छः

-सामाजिक विकास मन्त्रालय, बागमती प्रदेशः http://mosd.p3.gov.np/
-स्वास्थ्य तथा जनसंख्या मन्त्रालयः https://covid19.mohp.gov.np/#/
-नेपाल सरकार गृह मन्त्रालय : https://covid19.ndrrma.gov.np/
-कोभिड १९ संकट ब्यवस्थापन केन्द्रः ccmc.gov.np
-इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखाः http://www.edcd.gov.np/news/covid-19-situation-updates
-विश्व स्वास्थ्य संगठन/नेपालः https://www.who.int/nepal

**अन्त्यमा सदाझै यहाँहरूको अमूल्य सुझाव र सहयोगको अपेक्षा गर्दछौं।**

**धन्यवाद !**

प्रवक्ता (कोभिड-१९)
डा. पुरुषोतम राज सेढाई